# पशुजन्य उत्पादनमा आधारित अनुदान कार्यविधि २०७७

## रम्भा गाउंपालिका

## गाउं कार्यपालिकाको कार्यालय

### पाल्पा

पशुजन्य उत्पादनमा आधारित अनुदान कार्यविधि २०७७

## उत्पादनमा आधारित पशुपालन अनुदान वितरण कार्यविधि २०७७

### रम्भा गाउंपालिका

### गाउं कार्यपालिकाको कार्यालय पिपलडांडा पाल्पा ।

**प्रस्तावना:**

रम्भा गाउंपालिका भित्र पशुपालन गर्ने किसानहरूलाई व्यवसायिक र प्रतिस्प्रर्धी, बनाई उनीहरूको आय आर्जन बृद्धि गरी जीवनस्तर उकास्न र स्वावलम्भी बनाउनको लागि बाञ्छनिय भएकोले रम्भा गाउंपालिकाको प्रशासकिय कार्यविधि नियमित गर्न बनेको ऐन २०७४ को दफा १२ ले दिएको अधिकार प्रयोग गरी गाउं कार्यपालिकाको मिति २०७७/०८/०४ गते बसेको बैठकले यो कार्यविधि स्वीकृत गरी लागु गरेको छ ।

### परिच्छेद १

### संक्षिप्त नाम र प्रारम्भ

**१. संक्षिप्त नाम र प्रारम्भ:** क) यस कार्यविधिको नाम उत्पादनमा आधारित पशुपालन अनुदान वितरण कार्यविधि २०७७ रहेको छ ।

ख) यो कार्यविधि कार्यपालिकाको बैठकबाट स्वीकृत भएको मितिदेखी लागु हुनेछ ।

### परिच्छेद २

### परिभाषा:

**२. विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,**

क) गाउंपालिका भन्नाले रम्भा गाउंपालिकालाई सम्झनु पर्दछ ।

ख) अध्यक्ष भन्नाले रम्भा गाउंपालिकाको अध्यक्षलाई सम्झनु पर्दछ ।

ग) उपाध्यक्ष भन्नाले रम्भा गाउंपालिकाको उपाध्यक्षलाई सम्झनु पर्दछ ।

घ) आर्थिक विकास समितीको संयोजक भन्नाले गाउंपालिकाको विषय क्षेत्रगत समिती अर्न्तगतको आर्थिक विकास समितीको संयोजकलाई सम्झनु पर्दछ ।

ङ) प्रमुख प्रशासकिय अधिकृत भन्नाले रम्भा गाउंपालिकाको प्रमुख प्रशासकिय अधिकृत वा निजको काम गर्न तोकिएको व्यक्तिलाई सम्झनु पर्दछ ।

### परिच्छेद ३

### अनुदान वितरणका क्षेत्रहरू:

गाउंपालिकाले तपसिलका क्षेत्रहरूमा अनुदानको रकम वितरण गर्नेछ ।

१) मासूमा अनुदान :

गाउंपालिकाले अनुदान वितरण गर्दा पालिकामा सूचीकृत भएको, गाउंपालिकाबाट उक्त वडाको लागि यस किसिमका काम गर्न भनी पूर्व स्वीकृत प्राप्त गरेको स्थानीय सहकारी वा समूह मार्फत विक्रि गर्ने र सम्बन्धीत वडामा खसी, बोका, कुखुरा तथा कृषि जन्य उपजको बजारीकरण गरेको सहकारी वा समूहको सिफारिशका आधारमा तपसिल बमोजिम अनुदान रकम वितरण गरिने छ ।

तपसिल

क) सहकारी वा समूहमा आवद्ध भएर बार्षिक १०० किलो सो भन्दा बढी खसी बोकाको जिउदो प्रणालीमा मासू विक्रि गरेमा प्रति के.जी. रू.५०

ख) स्थानीय जातको कुखुराको मासू बार्षिक २५ के.जी. वा सो भन्दा बढी जिउदो प्रणालीमा मासू विक्रि गरेमा प्रति के.जी. रू.२०/

ग) व्यक्तिगत व्यवसाय वा सहकारीमा आवद्ध भई, बार्षिक कम्तीमा स्थानीय जातका कुखुराको २००० वटा वा सो भन्दा बढी अण्डा विक्री गरेमा प्रति गोटा रू.३

२) दुध उत्पादनमा अनुदान :

डेरी समूहमा आवद्ध भई मासिक रूपमा प्रति ६० लिटर वा सो भन्दा बढी दुध विक्रि गरेमा प्रति लिटर रू. १० का दरले अनुदान उपलब्ध गराईनेछ ।

३) माथी उल्लेखित काम गरे बापत सहकारी संस्थालाई प्रति लिटर दुध रू.२ र मासूमा प्रति के.जी. रू. २ का दरले अनुदान उपलब्ध गराइनेछ ।

४) निशुल्क डांले घांस तथा घांसका विऊ वितरण :

रम्भा गाउंपालिका तथा वडाहरूले विनियोजन गरेको विकास कार्यक्रम तर्फको बजेटबाट बास्तविक किसानहरू पहिचान गरी डांले तथा भूई घांसका विऊ विरूवा वितरण गरिनेछ ।

५) प्रजननका लागि विर्याडे बोका वितरण :

रम्भा गाउंपालिका पशु सेवा शाखामा वा सहकारी संस्थामा मार्फत बाख्रा पालक कृषक समूहमा दर्ता भएका कृषक समूहहरूलाई प्रजननका लागि बोयर बोका अनुदानमा वितरण गरिने छ ।

६) खोर टाट्नो निर्माणमा अनुदान तथा प्राविधिक सहायता :

रम्भा गाउंपालिका भित्र कम्तीमा ५० वा सो भन्दा बढी बाख्रा पाल्ने कृषकहरूलाई खोर टाट्नो निर्माण गर्न जम्मा २०,००० (बिस हजार) रूपैयाको ५०% रकम अनुदान प्रदान गर्नुका साथै गोठ सुधारको निम्ती जम्मा रू. ३०,०००(तिस हजार) रूपैयाको ५०% रकम अनुदान प्रदान गरिने छ ।

७) तालिम, औषधी उपचार तथा खोपको व्यवस्था :

रम्भा गाउंपालिका भित्रका पशुपालक कृषकहरूलाई पशु पालन सम्बन्धी नविनतम ज्ञान र सीप प्रदान गर्न तालिमहरू संचालन गरिने छ । यस क्षेत्रका पशुहरूमा संक्रामक रोग तथा महामारीको

उपचार तथा नियन्त्रणका लागि पालिका तथा वडाहरूले आफ्नो रकमको सिमामा रहि निशुल्क औषधी तथा खोप वितरण गरिने छ ।

## परिच्छेद ४

## गाई भैसी सम्बन्धी व्यवस्था

१. गाउंपालिका भित्रका सम्पूर्ण कृषक तथा कृषक समूहमा पालेका गाई भैसीको पशु विमा गर्ने कार्यलाई अभियानका रूपमा संचालन गरिने छ । कम्तीमा ५ वटा वा सो भन्दा बढी दुहुना गाई वा भैसी पालक कृषकलाई पशु विमा निशुल्क गरिने छ । यसरी अनुदानका लागि विमा गरेको कागजातको प्रतिलिपी र यसको परिधी भित्र रहेको सूचनाको प्रमाण (स्वघोषण) सहकारी वडा वा समूहको सिफारिश अनिवार्य रूपमा पेश गर्नु पर्ने छ ।

२. प्रजननको लागि उन्नत रांगो तथा बहर पालक कृषकलाई आर्थिक वर्षमा एक पटक मात्र रू. ५,००० (पांच हजार) रूपैया प्रोत्साहन स्वरूप अनुदान प्रदान गरिने छ ।

## परिच्छेद ५

## मासू र अण्डामा अनुदान सम्बन्धी व्यवस्था

१. मासू र अण्डामा अनुदान प्रयोजनका लागि प्रत्येक वडामा कम्तीमा १/१ वटा सामाजिक उद्यमी, साना किसान, बहुउद्देश्यीय र कृषी तथा पशु पालक कृषि सहकारी संस्थाको छनौट गरिनेछ । यदी कुनै वडामा माथी उल्लेखित किसिमको सहकारी नभएको अवस्थामा नजिकको वडाको सहकारीलाई त्यस वडामा कार्यक्षेत्र विस्तारका लागि अनुमती प्रदान गरिनेछ । त्यो पनि सम्भव नभएको अवस्थामा सामाजिक उद्यमी, कृषि तथा पशु पालक सहकारीको गठन गरि लागु गरिने छ ।

२. दफा १ मा उल्लेखित सहकारी वा समूहले खसी बोकाको जिउंदो तौल लोकल कुखुरा र अण्डाको संस्थागत विक्रि भएको रेकर्ड व्यवस्थीत तरिकाले अनुसुची २ बमोजिम राख्नु पर्नेछ ।

३. अनुदान रकम सिफारिश गर्दा सहकारीले सम्बन्धी वडाको सिफारिश अनिवार्य सहित सिफारिश पत्र र अनुसुची २ बमोजिमको रेकर्ड प्रमाणित गरी रम्भा गाउंपालिकाको कार्यालयमा पठाउनु पर्ने छ ।

४. सहकारी वा समूहबाट फर्जि काम भएको भन्ने थाँहा हुन आएमा त्यस्ता सहकारी वा समूहहरूलाई कालो सूचीमा राखी दर्ता खारेजी गरिने छ ।

५. सहकारी तथा समूह गठन गर्दा तपसिल बमोजिमको प्रक्रिया तथा कागजातहरू पूरा गरेको वा अनुसुची १ बमोजिमको निवेदन दर्ताको लागि पेश गरेको हुनु पर्नेछ ।

तपसिल

क) समूह समिती, सहकारी गठन भई कार्यक्रम संचालन भएको ६ महिना पुगेको प्रमाण पत्र सहित निर्णयको प्रतिलिपी ।

ख) समूह समितीका कार्यसमितीका पदाधिकारीहरूको नागरिकताको प्रमाण पत्रको प्रतिलिपी ।

ग) पशुपालन तथा त्यसको जिउंदो तौल प्रणालीमा संस्थागत रूपमा विक्रि गर्ने खालको काम गर्ने प्रतिवद्धता ।

घ) सम्बन्धीत वडाको सिफारिश ।

ङ) कार्य योजना ।

च) फर्म दर्ताको लागि नागरिकताको प्रमाणपत्रको प्रतिलिपी सहितको निवेदन ।

छ) फर्म संचालन भएको स्थानको जग्गाको जग्गा धनी प्रमाण पूर्जाको प्रतिलिपी ।

ज) फार्म संचालन गरेको स्थान जग्गा भाडामा लिएको भए सम्झौताको प्रतिलिपी ।

झ) फार्म व्यवसायिक कार्ययोजना ।

ञ) समूह समितीको विधान ।

## परिच्छेद ६

## व्यवस्थापन खर्च

१. परिच्छेद ४ बमोजिम गठित वा क्रियाशिल भएको वा सूचीकृत भएको सहकारी संस्था वा समूहहरूलाई खसी बोका र स्थानीय कुखुरा तौल गर्नका लागि प्रति समूह वा सहकारीलाई १/१ वटा तौल मेशिन प्रदान गरिनेछ । साथै बार्षिक व्यवस्थापन खर्च प्रति समूह वा सहकारीलाई रू.१५,०००(पन्ध्र हजार) रूपैया उपलब्ध गराइने छ ।

## परिच्छेद ७

## व्यवस्थापन समिती

१. अनुदान वितरण व्यवस्थीत गर्नका र अनुगमन तथा मूल्याङ्कन गर्नका लागि गाउंपालिकामा तपसिल बमोजिमको ५ सदस्सीय अनुगमन समिती रहने छ ।

तपसिल

क) गाउंपालिकाको अध्यक्ष : संयोजक

ख) गाउंपालिकाको उपाध्यक्ष : सदस्य

ग) आर्थिक विकास समितीको संयोजक : सदस्य

घ) प्रमुख प्रशासकिय अधिकृत : सदस्य

ङ) पशु सेवा शाखा प्रमुख : सदस्य सचिव

## परिच्छेद ८

### अनुगमन तथा मूल्याङ्कन

२. यस कार्यविधि अनुरूप काम भए नभएको सम्बन्धमा कार्यपालिकाले अनुगमन तथा सुझाव दिन सक्नेछ ।

३. यस कार्यविधि अनुरूप वितरण भएको अनुदानको रकमको जानकारी गाउंसभा समक्ष पेश गर्नु पर्नेछ ।

## परिच्छेद ९

### संशोधन तथा परिमार्जन

१. कार्यपालिकाले आवश्यक ठानेमा यो कार्यविधिमा जुनसुकै समयमा संशोधन तथा परिमार्जन गर्न सक्नेछ ।

## परिच्छेद १०

### खारेजी तथा बचाऊ

१. यो कार्यविधि प्रचलित संघिय कानुन, प्रदेश कानुन र यस गाउंपालिकाको कानुनसंग बाझिएमा बाझिएको हद सम्म खारेज वा संशोधन हुनेछ ।

## अनुसूची १

### समूह वा सहकारीले दर्ताको लागि पेश गर्नु पर्ने निवेदनको ढांचा र आवश्यक कागजातहरू

श्री प्रमुख प्रशासकिय अधिकृत ज्यू,

रम्भा गाउंपालिका, गाउंकार्यपालिकाको कार्यालय,

पिपलडांडा , पाल्पा ।

**विषय : उत्पादनमा आधारित अनुदान कार्यक्रम संचालन गर्ने स्वीकृती पाउं ।**

प्रस्तुत विषयमा यस गाउंपालिकाको सूचना बमोजिम उत्पादनमा आधारित अनुदानल कार्यक्रम सिफारिश गर्ने आधिकारीक सहकारी वा दर्तावाला समूहको निवेदन माग भए बमोजिम यस सहकारी/समूहको मिती ..................................को संचालक समितीको बैठकको निर्णय बमोजिम उक्त कार्यक्रम संचालन गर्न सहजीकरणका लागि रम्भा गाउंपालिकासंग माग गर्ने निर्णय गरेको हुदां उक्त कार्यक्रम सहजीकरणका लागि तपसिलको विवरण सहित यो निवेदन पेश गरेका छौं ।

तपसिल

१. सहकारी/समूहको नाम :

२. ठेगाना :

३. दर्ता नं. : दर्ता मिती :

४. पान नं. :

५. शेयर सदस्य संख्या : शेयर रकम :

६. बचत रकम : अन्य रकम :

७. सहकारी/समूहको कुल पूंजी :

**८. संलग्न कागजातहरू :**

क) उत्पादनमा आधारित अनुदान कार्यक्रम सहजीकरण गर्ने विषयमा संचालक समितीको बैठकको निर्णयको प्रतिलिपी ।

ख) सहकारी/समूह दर्ता प्रमाणपत्र ।

ग) करदाता कार्यालयको दर्ता प्रमाणपत्र ।

घ) करचुक्ताको प्रमाण पत्र ।

ङ) विनियमको प्रतिलिपी ।

च) अनुभव भएमा सो को विवरण ।

## अनुसूची २

## सहकारी/समूह अनुदान माग फाराम

सहकारी/समूहको नाम :

ठेगाना :

**विवरणको अवधी ..............................देखी ..................................सम्म**

| क्र.सं. | मिती | कृषकको नाम | समूहको नाम | विक्री संख्या | के.जी./गोटा | के.जी./गोटा मूल्य | जम्मा विक्री मूल्य |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

अनुदान प्राप्त गर्ने कृषकको संख्या :

विक्रि गरिएको खसी बोका वा कुखुराको संख्या :

विक्रि गरिएको खसी बोका वा कुखुराको जम्मा के.जी. :

अण्डा भएमा विक्रि गरिएको जम्मा अण्डाको संख्या :

माग गरिएको अनुदान रकम :

तयार गर्ने :

हस्ताक्षर :

नामथर :

पद :

मिति :

प्रमाणित गर्ने :

हस्ताक्षर :

नामथर :

पद :

मिति :